# स्थानीय राजपत्र

## सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः ८, संख्याः ११, मंसिर २५ गते, २०८१ साल**


**भाग-२**

## सरुमारानी गाउँपालिका

## सरुमारानी आँखा स्वास्थ्य केन्द्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१।०७।२३

प्रमाणिकरण मितिः२०८१।०७।२५

**प्रस्तावनाः-**

नेपालको संविधानले जनस्वास्थ्यको अधिकारलाई नागरिकको मौलिक हकको रुपमा निशुल्क आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेकोछ संविधानले दिशानिर्देशन गरे बमोजिम स्थानीय वासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाईका साथै आखा उपचार सेवा पनि एउटा महत्वपूर्ण क्षेत्र भएकोले सरूमारानी गाउँपालिकाको स्वास्थ्य नीति, २०८० ले पनि आखा उपचार सेवा एक आधारभूत स्वास्थ्य सेवाको सेवा प्रदान गर्ने निती अनुसार गाउँपालिकामा आँखा स्वास्थ्य केन्द्र संचालनको लागि सरुमारानी गाँउपालिका, प्यूठान र साझेदार संस्थावीच आखा उपचार सेवा प्रदान गर्नको लागि बाञ्छनीय भएकोले,

सरुमारानी गाउँपालिकाको स्वास्थ्य सेवा ऐन, २०७८ को उपदफा-३९ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरिएको छ ।

### परिच्छेद —१
### प्रारम्भः

**१. सक्षिप्त नाम र प्रारम्भ**

१. यो कार्यविधिको नामः- सरुमारानी आँखा स्वास्थ्य केन्द्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८१ रहेकोछ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "गाउँपालिका" भन्नाले सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा, प्युठानलाई जनाउने छ।

ख) "शाखा" भन्नाले सरुमारानी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय अन्तर्गतको स्वास्थ्य सेवा शाखा छ।

ग) "अध्यक्ष" भन्नाले यसै कार्यविधि बमोजिम गठित समितिको अध्यक्षलाई जनाउने छ।

घ) "सदस्य सचिव" भन्नाले आखा उपचार केन्द्रको ईन्चार्जलाई जनाउने छ।

ङ) "सदस्य" भन्नाले आखा उपचार केन्द्र ब्यबस्थापन तथा संचालन समितिको सदस्यलाई जनाउने छ।

च) "कार्यालय प्रमुख" भन्नाले सरुमारानी गाउँपालिका, गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ।

छ) "साझेदार संस्था " भन्नाले सरुमारानी गाउँपालिकाको आखा उपचार केन्द्र संचालन, ब्यबस्थापन र विभिन्न कार्यक्रमहरु संचालनको लागि गाउँकार्यपालिकाको कार्यालयलाई आर्थिक तथा प्राविधिक सहयोग गर्ने सरकारी निकाय, दातृसंस्था, अन्तराष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्थालाई जनाउने छ।

## परिच्छेद -२

## आँखा केन्द्र व्यवस्थापन, समितिको गठन तथा सञ्चालन, काम कर्तब्य र अधिकारहरुः-

**३. संस्थाको नामः** संस्थाको नाम "सरुमारानी आँखा स्वास्थ्य केन्द्र" रहनेछ । यस संस्थाको कार्यालय सरुमारानी गाँउपालिका वडा नं. -२ दर्भानमा रहने छ ।

**४. कार्यक्षेत्रः** यस केन्द्रको कार्यक्षेत्र सम्बन्धित गाउँपालिका भित्रका सबै वडाहरूमा आँखा सेवा सञ्चालन गर्नेछ ।

**५. केन्द्र संचालन र साझेदार संस्था-** यस केन्द्रको कानुनी रुपमा सरुमारानी गाँउपालिका, प्यूठानमा रहनेछ । यस केन्द्रको संचालन गर्न संघ संस्थाबाट आर्थिक तथा प्राविधिक सहयोग लिन सक्नेछ । संघसंस्था लिईने सहयोग आपसी समझदारी/सहमती पत्रमा उल्लेख भए अनुसार हुनेछ । अर्को ब्यबस्था नभए सम्मको लागि साझेदार संस्थाको रुपमा हाललाई तिलगंगा आँखा प्रतिष्ठान, काठमान्डौं/तिलगंगा शल्यक्रिया आखा केन्द्र दाङ्ग रहने छ ।

**६. आँखा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको गठनः** यस केन्द्र सञ्चालनको लागि तपशिल बमोजिमको आँखा केन्द्र सञ्चालन तथा ब्यबस्थापन समिति गठन रहनेछ ।

१. अध्यक्ष : -गाउँपालिका अध्यक्ष

२. सदस्यः -गाउँपालिका उपाध्यक्ष

३. सदस्य : -सम्बन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृत

४. सदस्य : -सम्बन्धित वडाको वडा अध्यक्ष

५. सदस्य : -प्रतिनिधि, साझेदार संस्था

६. सदस्य :		-सम्बन्धित पालिकाको स्वास्थ्य शाखा प्रमुख

७. सदस्य :		-स्थानीय महिला समाजसेवी/सामुदायिक स्वास्थ्य स्वयंसेविका (गाउँपालिकाले तोकेको)-२ जना

८. सदस्य सचिव :	-इन्चार्ज सरुमारानी आँखा स्वास्थ्य केन्द्र

**आमन्त्रित सदस्यहरुः** स्थानीय तहको अस्पताल/स्वास्थ्य संस्था प्रमुख र अन्य बुद्धिजीवी तथा समाजसेवी व्यवस्थापन समितिले आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा राखन सकिनेछ । ।

**७. सञ्चालन समितिको काम कर्तब्य र अधिकार :**

यस समितिको काम कर्तव्य र अधिकारहरू तपसिल अनुसार हुने छ :

क. आँखा स्वास्थ्य केन्द्र सञ्चालनको लागि भौतिक पूर्वाधारको व्यवस्था गर्ने ।

ख. प्रचलित ऐन नियमको अधीनमा रहि केन्द्रमा कार्यरत जनशक्तिहरूको नियुक्ति, सेवा सुविधा निर्धारण र परिचालन गर्ने ।

ग. केन्द्र संचालनको लागी आवश्यक बजेट, निति निर्माणहरुको ब्यबस्था मिलाउने ।

घ. आन्तरिक तथा बाह्य स्रोतबाट संकलित रकमबाट केन्द्र सञ्चालन गर्ने ।

ङ. केन्द्रमा आवश्यक पर्ने उपकरण, चश्मा तथा औषधीको लागि साझेदार निकायसँग समन्वय गरि खरिद गर्ने । आकश्मिक अवस्थामा अत्यावश्यक पर्ने उपकरण, चश्मा तथा औषधी खरिदको लागि आँखा स्वस्थ्य केन्द्रलाई पेश्की स्वरूप रकम उपलब्ध गराई ब्यवस्थापन गर्ने ।

च. केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरूको निर्माण, सञ्चालन, अनुगमन तथा मूल्यांकन गर्ने ।

छ. केन्द्रको आत्मनिर्भरताको लागि आवश्यक भौतिक पूर्वाधार, केन्द्र तथा कार्यरत कर्मचारीहरूको वृद्धि विकासको लागि श्रोत तथा साधनहरूको व्यवस्था गर्ने ।

ज. साझेदार निकाय र जिल्लाभित्र रहेका सम्बन्धित कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा आँखा स्वास्थ्य सेवा सुधार गर्न आवश्यक समन्वय गर्ने ।

झ. केन्द्र सञ्चालनमा आएको बाधा अड्चन फुकाउने ।

ञ. आँखा केन्द्रको दैनिक प्रशासनिक, प्राविधिक, आर्थिक कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

ट. केन्द्रमा भए गरेका प्रगतिको चौमासिक/बार्षिक  समिक्षा गर्ने गराउने ।

ठ. केन्द्रको आय व्ययको वार्षिक लेखा परीक्षण गरि उक्त लेखापरीक्षणबाट प्राप्त प्रतिवेदनमा छलफल गरि आवश्यक सबै सरोकारवाला निकायहरूमा पठाउने ।

ढ. आवश्यकता अनुसार समिति तथा सल्लाहकारहरूको बैठक बोलाउने ।

ण. अन्य कामहरु ।

**८. सरुमारानी गाउँपालिकाको काम कर्तव्य र अधिकारः** गाउँपालिकाको कार्यक्षेत्रहरू तपसिल अनुसारको रहने छः

क. प्रचलित ऐन नियम अनुसार केन्द्र सञ्चालनको लागि आवश्यक कर्मचारीको व्यवस्था गर्ने ।

ख. केन्द्र सञ्चालन खर्चको व्यवस्था गर्ने ।

ग. केन्द्रको सेवा स्तर वृद्धि  तथा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिको लागि आवश्यक सहजीकरण गर्ने

घ. कार्यक्रमको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

**९. <u>साझेदार निकायको काम, कर्तव्य र अधिकारः</u>** साझेदार निकाय र आँखा केन्द्रको कार्यक्षेत्रहरू तपसिल अनुसारको रहने छ :

क. केन्द्र स्थापना गर्न एकपटकको लागि आवश्यक पर्ने सामाग्री (Equipment) को व्यवस्था गर्ने ।

ख. केन्द्र स्थापना गर्नको लागि प्राविधिक सहयोग गर्ने ।

ग. केन्द्रले लिने सेवा शुल्कहरू निर्धारण गर्दा व्यवस्थापन समितिलाई आवश्यक सहयोग गर्ने ।

घ. केन्द्रको दैनिक गतिविधि तथा लेखा परीक्षणबाट प्राप्त प्रतिवेदनको अनुगमन र मूल्याङ्कन गर्ने ।

ङ. केन्द्रको चश्मा, औषधी तथा अन्य सामाग्री खरिद गर्दा सोको आपूर्तिको सहजीकरण गर्ने ।

च. गाउँपालिकाले आवश्यक ठानेमा आवश्यक स्थानहरूमा बाह्य कार्यक्रमहरू सञ्चालन गर्ने ।

छ. केन्द्रको सेवा स्तर वृद्धि तथा कार्यरत कर्मचारीहरूको क्षमता अभिवद्धिको लागि आवश्यक सहजीकरण गर्ने।

ज. आँखा स्वास्थ्य अवस्थाका बारेमा जानकारी दिन अनुसन्धानात्मक कार्यहरु सञ्चालन गर्ने ।

झ) आँखा उपचार सेवाको पहुँच नपुगेको ठाउँहरुमा आँखा शिविर सञ्चालन गर्ने

ञ. विद्यालयहरुमा आँखा परीक्षण तथा आँखा स्वास्थ्य शिक्षा कार्यक्रम गर्ने

ट. विभिन्न माध्यमहरुबाट आँखा सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने

ठ. समुदायमा आधारित स्वास्थ्य तथा अन्य सहकर्मीहरुलाई आँखा सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने

ड. आँखा स्वास्थ्य सम्बन्धी विभिन्न परियोजनाहरु सञ्चालन तथा समन्वय गर्ने ।

**<u>१0. केन्द्रले गर्ने कार्यहरु</u>** : देहाय अनुसारको कार्यहरु गर्ने छ :

क. सबै जनताको पहुँचमा पुर्याउन सर्वसुलभ मूल्यमा गुणस्तरीय आँखा स्वास्थ्य सेवा प्रदान गर्ने ।

ख. आँखा स्वास्थ्य सेवा कार्यक्रमलाई प्रवर्द्धन गर्न निरन्तर रुपमा समुदायको सहभागिता र सहकार्यलाई ग्राह्यता दिने ।

ग. आँखा स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।

घ. आँखा स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न आँखा सेवा प्रदायक तथा नेपाल सरकारको स्वास्थ्य संस्थासँग समन्वय गर्ने।

ङः गुणस्तरीय आँखा स्वास्थ्य सेवालाई उच्च सेवातर्फ विस्तार गर्दै लाने ।

च. केन्द्रमा भइरहेको प्रगति विवरण आवश्यकतानुसार मासिक, त्रैमासिक, अर्ध-वार्षिक तथा वार्षिक रुपमा गाउँपालिका र सम्बन्धित संस्थामा पठाउने ।

छ. गाउँपालिकाको सहकार्यमा आँखा स्वास्थ्य सम्बन्धी घुम्ती शिविर सञ्चालन गर्ने ।

## परिच्छेद -३

### आँखा उपचार केन्द्रका संरचना, सेवा तथा कार्यक्रमहरु-

**<u>११. आँखा उपचार केन्द्रमा उपलब्ध हुने आँखा स्वास्थ्य सेवाहरु :</u>**

क. बिरामीको दृष्टि तथा चश्मा जाँच ।

ख. बिरामीको आँखा सम्बन्धी रोगहरूको परीक्षण तथा उपचार ।

ग. आँखाको सामान्य शल्यक्रिया ।

घ. सर्बसुलभ मूल्यमा औषधी तथा चश्माको बिक्री वितरण ।

ङ. जटिल समस्या भएका बिरामीहरुलाई थप सेवाको लागि नजिकको सुविधा सम्पन्न आँखा अस्पतालमा रेफर गर्ने ।

च. आँखा रोग सम्बन्धी आकस्मिक सेवा प्रदान गर्ने ।

छ. अन्य कार्यहरु ।

**<u>१२. आखा उपचार सेवामा संचालन हुने कार्यक्रमहरुः</u>**

सरूमारानी आँखा स्वास्थ्य केन्द्रले साझेदार निकाय तथा अन्य संघ संस्थाहरूसँग समन्वय गरी निम्न अनुसारको कार्यक्रमहरू सञ्चालन गर्नेछ :

क. आँखा उपचार सेवाको पहुँच नपुगेको ठाउँहरूमा आँखा शिविर सञ्चालन गर्ने ।

ख. विभिन्न माध्यमहरूबाट आँखा सम्बन्धी जनचेतना मूलक कार्यक्रम गर्ने ।

ग. विद्यालयहरूमा आँखा परीक्षण तथा आँखा स्वास्थ्य शिक्षा कार्यक्रम गर्ने ।

घ. समुदायमा आधारित स्वास्थ्यकर्मी तथा अन्य सहकर्मीहरूलाई आँखा सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

ङ. साझेदार निकायबाट लागू हुने आँखा स्वास्थ्य सम्बन्धी विभिन्न परियोजनाहरू सञ्चालन तथा समन्वय गर्ने ।

च. अन्य तोकिएका कार्यहरु गर्ने ।

**<u>१३. आर्थिक कारोवारः</u>**

(क) आँखा स्वास्थ्य केन्द्रको आर्थिक कारोबार सरूमारानी गाउँपालिकाको आर्थिक कार्यविधि बमोजिम हुनेछ ।

(ख) केन्द्रमा आँखा जाँचको लागि आउने विराममीहरूलाई बिरामी दर्ता शुल्क, चेकजाच र सामाग्रीमा लाग्ने शुल्क बापत लिइने दर्ता शुल्क **<u>अनुसूची -१</u>** अनुसार हुनेछ ।

(ग) आँखा जाँच पछि प्रदान गरिने चश्माको न्यूनतम शुल्क/मुल्य, सशुल्क प्रदान गर्नुपर्ने औषधी जस्ता सामाग्रीको मूल्यमा अधिकतम खुद्रा मुल्य (MRP) मा नबढ्ने गरी लिइनेछ ।

(घ) आखा उपचार केन्द्रको दैनिक कार्य संचालनको आवश्यक पर्ने सामाग्रीहरुको खरिद तथा ब्यबस्थापनको लागि केन्द्रको ईन्चार्जलाई पेश्की रकम उपलब्ध गराउन सकिनेछ । यसरी लिएको पेश्की रकम फछ्यौट गरेपछि मात्र पुनः पेश्की उपलब्ध गराईनेछ ।

ङ) आखा उपचार केन्द्रको आम्दानी नगदी रसिद वा राजश्व अनलाईन प्रणाली मार्फत जम्मा गरिनेछ ।र यस केन्द्रको राजश्व आय-ब्ययको छुट्टै विवरण तयार गरी केन्द्र र कार्यालयले राखिनेछ ।

**१४. आखा उपचार केन्द्रको मानव संसाधनः**

यस केन्द्रमा तपशिल अनुसारको जनशक्ति रहने छन्

क. नेत्र सहायक-१ जनाः- (१) नेपाल स्वास्थ्य व्यावसायी परिषद् मा दर्ता भएको नेत्र सहायक रहनेछ )
(२) बुँदा नं १ को योग्याता पुगि थप शैक्षिक योग्यता भएका उम्मेदवार हरुलाई समेत नेत्र सहायक पद ( सहायक पाँचौं तह) मा कार्य गर्ने गरि नियुक्त गर्न सकिनेछ।

ख. अप्टिकल फिटर १ जना ( कम्तिमा १० कक्षा पास गरि अप्टिकल फिटिङ्ग सम्बन्धि तालिम लिएर प्रमाणपत्र भएकालाइ प्राथमिकता दिने र प्रमाणपत्र भएका उम्मेदवार नभएमा छनौट भएको उम्मेदवारले अनिवार्य तालिम लिई सेवा सुचारु गर्न्नुपुर्व प्रमाणपत्र पेश गर्नुपर्ने छ । निज कर्मचारी नेपाल सरकारको श्रेणीबिहिन ( का.स.) तह सरहको हुनेछ ।

## परिच्छेद-४

## विविधः-

१५. आखाउपचार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिले आँखा स्वास्थ्य केन्द्रको गतिविधि तथा कार्यक्रमहरूको आवश्यक समन्वय साझेदार निकायसँग गर्न सक्नेछ ।

१६. सरोकारवाला निकाय (Stakeholder) हरू बीच वार्षिक कार्ययोजना र प्रगति विवरणबारे गोष्ठी गरिनेछ ।

१७. आँखा स्वास्थ्य केन्द्र कुनै दुविधा उत्पन्न भएमा र अन्य थप कार्यहरु गर्नु पर्ने भएमा आँखा स्वास्थ्य केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा सरुमारानी गाउँपालिकाको कार्यपालिकाले कार्यविधि आवश्यकक्ता अनुसार संशोधन गर्न सक्नेछ । गाउँकार्यपालिकाले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

१८. आखा उपचार केन्द्रले मासिक/चौमासिक/बार्षिक प्रगति प्रतिवेदन र संस्थामा रहने तथ्यांक अभिलेख खाताहरुको फारम अनुसार तयार गर्नु पर्नेछ ।

१९. आखा उपचार केन्द्रमा रहने न्यूनतम सामाग्रीहरुको विवरण **अनूसुची-२** बमोजिम हुनेछ ।

२०. यो कार्यविधिमा आवश्यक संशोधन/परिमार्जन र ब्याख्या गर्ने अधिकार गाउँकार्यपालिकामा रहनेछ ।

**अनुसूची-१**
**दफा १४ को उपदफा (ख) सँग सम्बन्धित**

**आँखा केन्द्रमा जाँचको लागि आउने विरामीहरुलाई विरामी दर्ता शुल्क, चेकजाच र समाग्रीमा लाग्ने शुल्कः**

| क्र.सं. | सेवाको विवरण/प्रकृती | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| १. | नाम दर्ता शुल्क | रु. ५०/- | १ महिना पछि पुनःशुल्क लाग्ने |
| २. | आकस्मिक शुल्क | रु. १००/- | |
| ३. | Foreign Body Removal Charge | रु. १००/- | |

| | | | |
|---|---|---|---|
| ४. | Shermer Test Charge | रु. ५०/- | |
| ५. | Pad and Bandage Charge | रु. १००/- | |
| ६ | Syringing (आँखाको नली जाँच) | रु. १००/- | |
| ७ | Stye(बाहिरीआनोको शल्यक्रिय शुल्क) | रु. ५००/- | |
| ९ | Chalazion | रु. १०००/- | |

("नोटः औषधि र चस्माको प्रकार अनुसार मूल्य लिइनेछ ।)

## अनुसूची-२
## दफा ( १९) सँग सम्बन्धित

आखा उपचार केन्द्रमा रहने न्यूनतम सामाग्रीहरुको विवरण

**उपकरणहरुः-**

| S.N | Item | QTY |
|---|---|---|
| | **Diagnostic Set** | |
| 1 | Slit Lamp 2 Step | 1 |
| 2 | Optivisior | 1 |
| 3 | Torch Light | 2 |
| 4 | Direct Ophthalmoscope | 1 |
| | **Investigation/Minor Set** | |
| 5 | Spygnomanometer ( BP Set) | 1 |
| 6 | Syringing Set | 1 |
| 7 | F.B. Spud | 1 |
| 8 | Epilation Forcep | 1 |
| 9 | Boiler For Sterilization | 1 |
| 10 | Kidney Tray | 2 |
| 11 | Artery Forcep | 2 |
| 12 | Chalazian Set | 1 |
| 15 | Schioetz tonometer | 1 |
| 16 | Minor opertaion Light | 1 |
| | **Refraction Set** | |
| 1 | Retinoscope | 1 |
| 2 | Lensometer | 1 |
| 3 | Vision Distance/ Drum | 1 |
| 4 | IPD Scale | 1 |
| 5 | Pinhole with ocluder | 1 |
| 6 | Trail Lens Set With Frame | 1 |
| 6 | Near vision chart | 3 |
| | | |
| | **Optical dispensing** | |
| 1 | Edging machine | 1 |
| 2 | CR Cutter | 1 |
| 3 | Fitting Tool | 1 |

| | | |
|---|---|---|
| | **Printing** | |
| 1 | OPD Card | 1500 |
| 2 | Medicine Bill | 1000 |
| 3 | Optical Bill | 1000 |
| 4 | Payment Recipt | 1000 |
| 5 | OPD card for Outreach | 1000 |
| 6 | Medicine Prescription Slip | 1000 |
| 7 | Optical Prescription slip | 1000 |
| 8 | Referral Slip | 1000 |
| | **Office Equipment** | |
| 1 | Laptop | 1 |
| 2 | Printer | 1 |
| 3 | Maintainance tool kit | 1 |
| 4 | Stabilizer | 1 |
| | **Stationery** | |
| 1 | Stapler Machine | 1 |
| 2 | Punching Machine | 1 |
| 3 | Day Book register | 1 |
| 4 | Folder | 5 |
| 5 | Minute Book | 2 |
| 6 | Stock Book | 3 |
| | Photo copy paper | 10 |
| | Stapler Pin | 5 |

**फर्निचरः-**

| **Furniture List( To be Managed by Local Level)** | | | | | | |
|---|---|---|---|---|---|---|
| **S.N.** | **Particulars** | **Quantity** | **Unit** | **Length** | **Breadth** | **Height** |
| Room 1: Optical Medicine and Registration | | | | | | |
| 1 | Optical Showcase cum Registration desk | 1 | PCs | | | |
| 2 | Wall Mounted Optical cum Medicine Showcase | 2-3 | PCs | | | |
| 3 | Office Chair | 1 | PCs | | | |
| 4 | Tool for grooving machine | 1 | PCs | | | |
| 5 | Office Table | 1 | PCs | | | |
| 6 | Water Jar and Dispensor | 1 | PCs | | | |
| 7 | Patient Waiting Desk ( 3-4 patients) | 1 | PCs | | | |
| Room 2: OPD | | | | | | |
| 8 | Office Table | 2 | PCs | | | |
| 9 | Vision Mirror( 2*3 feet) wooden frame | 1 | PCs | | | |
| 10 | Trial Set Table ( 2*3 feet) | 1 | PCs | | | |
| 11 | Office Chair | 1 | PCs | | | |
| 12 | Patient Tool ( Revolving) | 2 | PCs | | | |
| 13 | Fan | 1 | PCs | | | |

|  |  |  |  |  |  |  |
|---|---|---|---|---|---|---|
| 14 | Heater | 1 | PCs |  |  |  |
| 15 | Minor OT Bed | 1 | PCs |  |  |  |
| 16 | Patient Waiting Chair | 1 | PCs |  |  |  |
| 17 | Office Cupboard | 1 | PCs |  |  |  |
| 18 | Handwashing Basin | 1 | PCs |  |  |  |
| Room 3: Office |  |  |  |  |  |  |
| 19 | Office Table | 1 | PCs |  |  |  |
| 20 | Office Chair | 1 | PCs |  |  |  |
| 21 | Waiting Bench | 1 | PCs |  |  |  |
| 22 | Office Cupboard | 1 | PCs |  |  |  |
| 23 | Fan | 1 | PCs |  |  |  |

## चश्माः-

| S.N | Description | Qty | Unit |
|---|---|---|---|
|  | **Plastic** |  |  |
| 1 | Oval Frame ( Plastic & Metal ) | 25 | Pcs |
| 2 | Round Frame ( Plastic & Metal ) | 25 | Pcs |
|  | **Metal** |  |  |
| 3 | Pilot or Aviator Frame ( Plastic & Metal ) | 25 | Pcs |
| 4 | Cat Eye Frame ( Plastic & Metal ) | 25 | Pcs |
| 5 | Octagon Frame ( Plastic & Metal ) | 25 | Pcs |
| 6 | Pantoscopic Round Oval ( Plastic & Metal ) | 25 | Pcs |
| 7 | Baby Sun Glass | 25 | Pcs |
| 8 | Gents Sun Glass | 25 | Pcs |
| 9 | Ladies Sun Glass | 25 | Pcs |
| 10 | Selvet | 5 | Pkt |
| 11 | Hard Box | 50 | Pcs |
| 12 | Soft Cover | 50 | Pcs |

## औषधिको विवरणः-

| S.N | Description | Qty |
|---|---|---|
|  | **Aneasthesia** |  |
| 1 | Proparacaine 4 % Drops | 2 |
| 2 | Lidocaine 2% | 1 |
| **Antibiotic +Steriod** |  |  |
| 2 | Chloramphenical+Dexamethasone Ointment 5 ML | 10 |
| 4 | Fluromethanolol Drop 5 ML | 10 |
| 5 | Prednisolone Acetate Drops 5 ML | 5 |
| 6 | Ofloxacin+Dexamethasone Drops 10 ML | 10 |
|  | **Antibiotic** |  |
| 7 | Ofloxicin Drops 10 ML (Exod) | 60 |
| 8 | Tobramycin Drops 5 ML | 40 |
| 9 | Moxifloxacin Drops 5 ML | 15 |
| 10 | Ciprofloxacine Ointment 5 Grm | 20 |
| 11 | Cholormphenical Ointment 5 Grm | 20 |

| | | |
|---|---|---|
| | **Anti Viral** | |
| 12 | Acyclovir 3 % w/w Ointment 175 Mg | 5 |
| | **Anti Fungal** | |
| 13 | Gtt.Zocon | 3 |
| | | |
| 14 | Ampicillin & Cloxacillin Tablet 250 Mg(Megapen) | 10 |
| | **Anti-Allergic** | |
| 15 | Alopatadine Hydrochloride Drops 5 ML | 30 |
| 16 | Allerdrop Eye Drop | 25 |
| 17 | Ocurest Eye Drops 5 Ml | 20 |
| | **Anti-Glaucoma** | |
| 18 | Acetazalamide 250 Mg Tablet | 5 |
| 19 | Pilocarpin 2 % Drops 5 ML | 5 |
| 20 | Timolol Maleate 0.5 % Drops 5 ML | 5 |
| | **NSAID** | |
| 21 | Florbiprofen Drops 5 ML | 10 |
| | **Lubricating Eye Drop** | |
| 22 | Opcare Eye Drops | 50 |
| 23 | Moisol Eye Drops | 50 |
| 25 | Carboxymethyl-Cellulose Drops 5 ML | 25 |
| 26 | Carboxymethyl-Cellulose Drops 10 ML | 25 |
| | **Cycloplegic & Mydractics** | |
| 27 | Atropin 1 % Drop 5 ML | 5 |
| 28 | Tropicanide 1 % Drop 5 ML | 3 |
| 29 | Cyclopentolate eye Drop | 1 |
| 30 | Tropicanide 0.8 % Phenylephrin 5 % Drops 5 ML | 5 |
| | **OPD Use** | |
| 31 | Normal Saline Soluition | 3 |
| 32 | Flourescine Strip | 1 |
| 33 | Paper Tape ( Ecopre ) | 5 |
| 34 | Cotton 10 Gram | 2 |
| 35 | Rectified Spirit Soluition 450 ML | 2 |
| 36 | Disposable Syringe 5 ML | 10 |
| 37 | Disposable Neddle 23 'G'*1 | 10 |

**प्रमाणिकरण मितिः-२०८१।७।२३**

आज्ञाले,

देविराम पाठक

प्रमुख प्रशासकीय अधिकृत